नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**वैदेशिक रोजगार विभाग**

**ई.पी.एस. कोरिया शाखा**

**ग्वार्को, ललितपुर ।**

**मिति: २०७९।१०।१५**

**मिति २०७९ माघ २२,२३ र २५ गते (तदानुसार ०५,०६ र ०८ फेब्रुवरी, २०२३) हुने हवाई उडानबाट दक्षिण कोरिया जाने कामदारहरुको लागि अत्यन्त जरुरी सूचना ।**

यसै साथ संलग्न HRD Service of korea बाट उल्लेखित मितिको हवाई उडानका लागि प्राप्त भएका नामावली सूचिमा नाम भएका व्यक्तिहरूले तपसिल बमोजिमका कागजातहरू तपसिलको मिति र समयमा अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । नामावली सूचिमा नाम भएका व्यक्तिहरुले उडान पूर्व गर्नुपर्ने आवश्यक तयारी (अनलाईन श्रम स्विकृति) लिई तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ । तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ । उडान नामावली सूचीमा नाम भएका तर कोरिया जान नचाहनेहरुले सोको जानकारी यथाशिघ्र लिखित रुपमा यस शाखामा गराईदिनुहुन समेत अनुरोध छ ।

**पुनश्चः-** कार्यालयबाट आवेदन स्विकृत भएमा निजहरुको श्रम स्विकृतीको निस्सा सम्बन्धित व्यक्तिहरुले जुनसुकै ठाउँबाट ( https://fei ms.dofe.gov.np/Common-Login.aspx) मा गई आफ्नो Username र Password प्रबिष्टि गरी प्रिन्ट गर्न मिल्ने व्यहोरा समेत अनुरोध छ ।

**यस कार्यालयमा राहदानी लिन आउँदा पेश गर्नुपर्ने कागजातहरु:**

- माछापुच्छे बैंकमा ई.पि.स. कार्यालयको खाता नं. २३०१५२४३७४०१५०१७ वा ०१२००३७४०१५०००१२ मा ४६.२० डलर बराबरको नेपाली रूपैयाँ रकम जम्मा गरेको बैंक भौचर ।
- अनलाईन दर्ता गर्दा कम्तिमा ६ बर्षे वैदेशिक रोजगार आबधिक जीवन वीमा वीमालेख ।
- UBT पासर कामदारको हकमा व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैसेंपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम (Pre–Departure Training) को प्रमाणपत्रको प्रतिलिपि,

**पूर्व अभिमुखिकरण तालिम र राहदानी वितरण गर्ने मिति र समय:**

- माघ २२ गते उडान हुने कामदारहरुले मिति २०७९ माघ २० गते (तदानुसार, ०३ फेब्रुवरी, २०२३) शुक्रबार दिउँसो १:०० बजे,
- माघ २३ गते उडान हुने कामदारहरुले २०७९ माघ २१ गते (तदानुसार, ०४ फेब्रुवरी, २०२३) शनिबार बिहान १२:०० बजे,
- माघ २५ गते उडान हुने कामदारहरुले २०७९ माघ २२ गते (तदानुसार, ०५ फेब्रुवरी, २०२३) दिउँसो ३:०० बजे,

**पुनश्चः-**अभिमुखीकरणमा सबैजना स्वास्थ्य प्रोटोकल पालना गरी अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ ।

:-उडान मिति भन्दा एक दिन अगावै तोकिएको स्वास्थ्य संस्थाबाट VDRL र PCR परिक्षण गराई सो को सक्कलै निस्सा साथमा लिएर जानु पर्नेछ ।

०७९।१०।१५

**ई .पी. एस. कोरिया शाखा**